कर्णाली प्रदेश सभा

मुख्यमन्त्रीले विश्वासको मत लिने प्रयोजनको लागि आह्वान भएको प्रदेश सभाकोअधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८ मंसिर१४ गते

**मंगलवार**

(बैठक संख्या-१)

<u>राष्ट्रिय धुन,</u>

**<u>माननीय सभामुख</u>**:माननीय सदस्यहरू मुख्यमन्त्रीले विश्वासको मत लिने प्रयोजनको लागि आह्वान भएको प्रदेशभाको अधिवेशनको पहिलो बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश प्रमुखको कार्यालयबाट प्रदेशसभाको बैठक आह्वानसम्बन्धी पत्र प्राप्त हुन आएको छ सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँछु ।

विषयः**प्रदेशसभाको अधिवेशन आह्वान सम्बन्धमा**

श्री प्रदेशसभा सचिवालय,

कर्णाली प्रदेश,

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश सरकारको पत्र संख्या २०७८/०७९ बैठक शाखा चलानी नम्बर५८६ मिति २०७४ साल आठ महिना १ गतेको निर्णयअनुसार नेपालको संविधानको धारा १६८ को उपधारा ४ बमोजिम माननीय मुख्यमन्त्रीले विश्वासको मत लिने प्रयोजनका लागि कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूबाट मिति २०७८ साल ८ महिना २ मा भएको आदेशअनुसार नेपालको संविधानको धारा १ सय ८३ को उपधारा १ बमोजिम कर्णाली प्रदेशसभाको अधिवेशन मिति २०७८ आठ महिना १४ गते दिउसो १ बजे प्रदेशसभा भवन, वीरेन्द्रनगर, सुर्खेतमा बस्नेगरी आह्वान भएको व्यहोरा अनुरोध गर्दछु।

मितिः २०७८ साल ८ महिना २ गते

ठाकुर प्रसाद सिग्देल

सचिव

माननीय सदस्यहरू प्रदेश प्रमुखको कार्यालयबाट मुख्यमन्त्री पदमा नियुक्तिको जानकारीसम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँछु ।

विषयः मुख्यमन्त्री पदमा नियुक्तिको जानकारी

श्री प्रदेशसभा सचिवालय,

कर्णाली प्रदेश,

वीरेन्द्रनगर सुर्खेत ।

मानननीय प्रदेश प्रमुख गोविन्द प्रसाद कलौनीज्यूले नेपालको संविधानको धारा १ सय ६८ को उपधारा २ बमोजिम कर्णाली प्रदेश सदस्य माननीय जीवनबहादुर शाहीलाई मिति २०७८ साल ७ महिना १६ गते कर्णाली प्रदेशको मुख्यमन्त्रीमा नियुक्त गर्नु भएको व्यहोरा जानकारी गराउँदछु ।

मितिः २०७८ साल ७ महिना २५ गते

ठाकुर प्रसाद सिग्देल

सचिव

माननीय सदस्यहरू प्रदेश प्रमुखको कार्यालयबाट मन्त्री पदमा नियुक्ति हेरफेर र कार्यविभाजनसम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँदछु ।

विषयः जानकारी सम्बन्धमा।

श्री प्रदेशसभा सचिवालय,

कर्णाली प्रदेश,

वीरेन्द्रनगर, सुर्खेत ।

उपरोक्त सम्बन्धमा मुख्यमन्त्री कर्णाली प्रदेश सुर्खेतको चलानी नम्बर ५३ मिति २०७८ साल ७ महिना ३० गतेको सिफारिस पत्रअनुसार माननीय प्रदेश प्रमुखज्यूबाट २०७८ साल ७ महिना ३० गतेबाट तपसिल बमोजिम मन्त्रिपरिषद्मानियुक्ति हेरफेर र कार्यविभाजन गरी मन्त्रिपरिषद् गठन गर्नुभएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

| क्रम संख्या | नाम,पद | कार्यविभाजन |
|---|---|---|
| १) मा.जीवनबहादुर शाही, | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय<br>भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय<br>आर्थिक मामिला तथा योजना मन्त्रालय |

जलस्रोत तथा उर्जा विकास मन्त्रालय र सामाजिक विकास मन्त्रालय

२) मा. चन्द्रबहादुर शाही, मन्त्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

मितिः २०७८ साल ८ महिना १३ गते

भिमराज थानी

निमित्त सचिव

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री श्री जीवनबहादुर शाहीलाई नेपालको संविधानको धारा १ सय ६८ को उपभारा ४ बमोजिम प्रदेशसभाको विश्वास छ भनी विश्वासको मत लिनका लागि संक्षिप्त वक्तव्यसहित प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय मुख्यमन्त्री जीवन बहादुर शाही:माननीय सभामुखज्यू, म प्रदेशसभाको सदस्य तथा नेपाली कांग्रेस संसदीय दलको नेता जीवनबहादुर शाही नेपालको संविधानको धारा १ सय ६८ को उपधारा २ बमोजिम प्रदेशसभा प्रतिनिधित्व गर्ने नेकपा माओवादी केन्द्र र नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका प्रदेशसभा सदस्यहरूको समर्थनमा बहुमत प्राप्त गरी प्रदेश प्रमुखबाट मिति २०७८ साल कात्तिक १६ गते यस प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त भएकोले नेपालको धारा १ सय ६८ को उपधारा ४ बमोजिम मुख्यमन्त्री नियुक्त भएको मितिले ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने संवैधानिक व्यवस्था र कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १ सय ४२ (४) बमोजिम विश्वासको मत प्राप्त गर्नका लागि प्रदेशसभामा सभासमक्ष प्रस्ताव पेश गर्दछु ।

धन्यवाद ।

माननीय सभामुख:माननीय सदस्यहरू अब यो बैठक २०७८ साल मंसिर १५ गते बुधबार दिउसो १ बजेसम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा

मुख्यमन्त्रीले विश्वासको मत लिने प्रयोजनको लागि आह्वान भएको प्रदेश सभाको अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८ मंसिर १५ गते

बुधवार

(बैठक संख्या-२)

राष्ट्रिय धुन,

**मानननीय सभामुख**ः माननीय सदस्यहरू मुख्यमन्त्रीले विश्वासको मत लिने प्रयोजनका लागि आह्वान भएको कर्णाली प्रदेशसभाको अधिवेशनको दोस्रो बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री जीवनबहादुर शाहीले आफूलाई प्रदेशसभाको विश्वास छ भनी विश्वासको मत लिनका लागि राख्नु भएको प्रस्तावमाथि छलफल प्रारम्भ हुन्छ । छलफलमा बोल्न चाहने माननीय सदस्यहरूले सभामुखको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई आफ्नो नाम टिपाउनु होला । आफ्नो धारणा राख्न चाहने माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउने छु । सर्वप्रथम माननीय श्री सोशीला शाही, समय सात मिनेट ।

**माननीय श्री सोशीला शाही:**सभामुखमहोदय, आज हामी कर्णाली प्रदेश सभाको विशेष बैठकमा सहभागी भएका छौं । कर्णाली प्रदेश सभामा केही समयअघि मात्र नयाँ मुख्यमन्त्री नियुक्तिहुनुभएको छ । नेपाली कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाही मुख्यमन्त्री नियुक्तिहुनुभएको छ । त्यसका लागि म र मेरो दलका तर्फबाट उहाँलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । उहाँको कार्यकाल पूर्ण सफलताको कामना गर्न चाहन्छु । आज हामी कर्णाली प्रदेशसभाको संसदको बैठक पाँच वर्षे कार्यकालको अन्तिम चरणमा छौं । अब हामी हाम्रो पदीय एक वर्ष मात्र बाँकी छ । यो छोटो समय भए तापनि केहीमहत्त्वपूर्ण र दीर्घकालीनरूपमा प्रभाव पर्ने काम गर्न जरुरी छ । यसले सबैलाई मौका दिन्छ । यसलाई अवसरको रूप लिई उत्कृष्ट काम गरेर देखाउन पर्ने हुन्छ ता कि संसदको लागि त्यसको उदाहरणमुखी छाप बसोस् । तसर्थ अब नयाँ मुख्यमन्त्रीज्यूले एक मिनेट समयलाई पनि ठिक काममा सदुपयोग गरी परिणाममुखी काममा लाग्नु हुनेछ भन्ने मैले विश्वास लिएको छु। कर्णालीको हाम्रो परम्परा वितरणमुखी योजनाको परम्परा रहेको छ। यो भन्दा पहिले, यो भन्दा पहिले यसरी नै चल्दै आयो अब पनि यसरी नै चल्न हुँदैन । केवल पार्टीको कार्यकर्ता मात्र पोस्ने ढंगले काम गर्न

हुँदैन । हामीले कर्णाली प्रदेशसभामा बेला बेलामा रचनात्मक भूमिका राख्दै आएका छौं। कसैको समर्थन र विरोध गुण र दोषको आधारमा गर्नुपर्दछ भन्ने हाम्रो मान्यता हो। तसर्थ यस पटक मुख्यमन्त्री जीवनबहादुर शाहीलाई म र मेरो दलको समर्थन रहेको जानकारी गराउँन चाहन्छु ।

सभामुख महोदय,

भन्नेकुराहरू त लगभग मैले भनीसके एक दुई कुराहरू मैले राख्नगइरहेको छु । सायद धेरै जनाले मन मनै खुसी भएर सोच्नु भएको होला हामीले धेरै जानेको थियौं। हामीले त्यहाँ गएर बोल्दिएको भए राम्रो हुन्छ भन्ने सोच्नु भएको होला तर समय र परिस्थिति आए पछि हजुरहरूले कहाँ थियौं हामी कहाँ आज आइपुग्यो भनेर यो पनि हजुरहरूले मूल्याङ्कन गर्नुहुनेछ ।

प्रमुख प्रतिपक्ष पनि हिजो मात्रै विश्वासको मत लिने हो भनेर हाम्रो परामर्श समितिको बैठक बसेको थियो । त्यसमा पनि हामीहरू पर्खियौं, प्रमुख प्रतिपक्ष आउनुपर्छ जसरी भए पनि १५ गतेसम्म अब मुख्यमन्त्रीले विश्वासको मत लिने काम भएकाले लिनुपर्छ भन्ने मान्यताले त्यो बसेका थियौं । अब १५ गते भयो ३० दिनभित्र उहाँले विश्वासको मत लिइसक्नुपर्ने संवैधानिक व्यवस्था भएको कारणले लग्नुभयो सकभर मेरो मान्यता पहिले देखि नै यो प्रदेशमा जबदेखि आए तबदेखिको मेरो मान्यता के हो भने हाम्रो दल र मेरो मान्यता कर्णालीको विकास होस् र बारम्बार हाम्रो फेरबदल गर्नुभन्दा पनि एउटाले मात्रै ५ वर्ष पाँच वर्ष कार्यकाल पूरा गरेमा परिणाममुखी निस्कन्छ भन्ने मान्यता हो।तर त्यो निस्कन सकेन अब किन निस्कन सकेन जनताले मूल्याङ्कन गर्नेछन् ।अहिलेसम्म गरीराख्नुभएको छ अब पनि गर्नुहुनेछ भन्ने आशा राख्दछु । सम्पूर्ण माननीयज्यूहरू सुरक्षाकर्मी, कर्मचारी मित्र, पत्रकार मित्र सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु । मैले आफूले जाने बुझेका कुराहरू यस्तै गरी भन्दै आइराखेको छु । सत्यको बाटो हिंड्नुपर्छ असत्यको बाटो हिंड्नु हुँदैन भन्ने छ । मैले कहिल्यै पनि बाटो बिराउने छैन । यहाँहरूले पनि सत्यको बाटो हिंड्नुहुनेछ आशा राख्दै आफ्ना दुई शब्द यहीराख्नचाहन्छु । जय राष्ट्र, जय जनता ।

<u>माननीय सभामुख</u>ः माननीय श्री पदमबहादुर रोकाया, समय सात मिनेट ।

<u>माननीय पदमबहादुर रोकाया</u>ः सभामुख महोदय, हामी कर्णाली प्रदेशको मुख्यमन्त्रीलाई विश्वास दिने क्रममा दोस्रो बैठकमा उपस्थित भइरहेका छौं । हामी धेरै दिन पछाडि हामी सदनमा उपस्थित भयौं । भूगोलको आधारले सातै प्रदेश भन्दा ठूलो कर्णाली प्रदेश भए तापनि मानव सूचकाङ्कको आधारले विकासको आधारले उद्योगधन्दा कारखानाको

आधारले सबै भन्दा सानो प्रदेश, सबै भन्दा अविकसित प्रदेश छ यो तर हामी निर्णय गर्नमा हामी सबै प्रदेशभन्दा अगाडि छौं । जुनसुकै कुराको निर्णय गर्दा खेरिमा सातै प्रदेश भन्दा अगाडि छौं । कर्णाली प्रदेशको नामाकरणको विषयमा हामी सबै भन्दा अगाडि भयौं । राजधानीको विषयमा सबैभन्दा अगाडिभयो । अहिलेको राजनीति उतारचढाव, उथलपुथलमा पनि सबै भन्दा अगाडि भयौं । यही कर्णाली प्रदेशबाट सुरु भएको राजनीति अहिलेको उथलपुथलमा हामी अघि देखियौं ।

त्यसो भएको हुनाले हामी धेरै दुःखकष्ट हामीले पायौं यो कार्यकालमा सदन अवरुद्ध भयो एक महिनासम्म सरकारले अध्यादेशमार्फत बजेट ल्याए माननीयहरूका कुनै पनि सिफारिस गरेका योजनाहरू कुनै पनि परेनन् । अध्यादेशमार्फत आए गाउँका मानिसहरू हामीलाई के के हाल्यौं । गत वर्ष हामीलाई यति सिँचाइ, बाटो, विद्यालयका योजना थिए। अहिले भने हामीले केही भन्न पाएनौं । कर्णाली प्रदेश सरकारले अध्यादेशमार्फत बजेट ल्याए हाम्रा योजना एउटै हालेनन् हामीले के गर्ने भनेर गुनासो पोख्यौं । त्यसो भएको हुनाले अब आइन्दा कर्णाली प्रदेश सरकार यसो नहोस् भन्न म आग्रह गर्न चाहन्छु। सदन अवरोध पनि नहोस्अध्यादेशमार्फत रातको १२ बजे बजेट पनि नआओस् । भन्न र अनुरोध गर्न चाहन्छु । हिजो एक सरकार थियो, आज एक छ भोलि अर्कै हुनेछ जुनसुकै सरकारलाई म आग्रह र अनुरोध गर्न चाहन्छु । त्यसो भएको हुनाले हामी हाम्रो नयाँ पार्टी नेकपा एकीकृत समाजवादी पार्टी भर्खरै गठन भएको छ । राष्ट्रिय सहमतिको पाँच दलीय गठबन्धनको आधार र हाम्रो कर्णाली प्रदेश नेकपा एकीकृत समाजवादी दलको कार्यालयले हाम्रो समर्थन नेपाली कांग्रेसका दलका नेता मुख्यमन्त्री जीवनबहादुर शाहीलाई समर्थन गर्ने हाम्रो निर्णय भएको छ । हामी समर्थन गर्छौं र सरकार आउँछन् जान्छन र कर्णाली कर्णाली प्रदेश यही रहने होला हामी आज माननीय छौं । कोही मन्त्री छौं । भोली जनता भएर जाने होला आज कोही माथि भोलीकोही तल होला भोली तलको मान्छेमाथि आउन सक्छ माथिको मान्छे तल जान सक्छ हामीले आफ्नो बानी, व्यहोरा,रूप रंग र ढंग सबै जनतालाई समेट्ने गरेर कर्णाली प्रदेशको समृद्धिको लागि सबै हामी सहमति र सहकार्य गरेर अगाडि बढौं भने कर्णाली प्रदेशको उन्नति हुन्छ जस्तो लाग्छ । हामी एक त अर्को प्रदेश भन्दा ४० जना माननीय रहेको प्रदेश सबै भन्दा सानो प्रदेश, विकासको हिसाबले पनि सबैभन्दा कमजोर प्रदेश हामी आफैंमा मनमुटाव भयौं भने विवादित भयौं भने यो प्रदेशको विकास र उन्नति हुन सक्दैन। त्यसै कारणले हामीले हाम्रा पहिले ४० जना माननीयहरू थियौं अहिले हामी३५ जनामा सीमित छौं । ५ जना माननीयको मुद्दा चलेको छ, के हुन्छ के हुन्छ भोलि हामी

माननीयहरूले दल त हामी कांग्रेस माओवादी एमाले, आज समाजवादी, राप्रपा छौं। हामी सबै देश र जनताको विकासका लागि यो ठाउँमा आएका हौं हामी व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर हामीले जनता, राष्ट्र र कर्णाली प्रदेशको बारेमा सोच्नुपर्दछ । जनताको हित र भलाइको लागि सोच्नुपर्दछ । अब आउँदैछ चुनाव फेरि पनि अब हामीले जनतामा जानुपर्ने होला । राम्रो काम गरेका छौं भने जनताले पुरस्कृत गर्नेछन् । नराम्रो काम गरेका छौं भने जनताले दण्डित गर्नेछन् । अब चुनाव हाम्रो परीक्षा आउँदैछ जनताले फैसला गर्दैछन् भन्न त मैले सबै भन्दा राम्रो गरे सोच्छन् होला त्यो जनताले फैसला गर्नेछन् । जनताले निर्णय गर्नेछन् । त्यस कारणले आदरणीय सभामुख महोदय, हाम्रो पार्टी एकीकृत समाजवादीले मुख्यन्त्री जीवनबहादुर शाहीलाई समर्थन गर्दछ भन्दै आफ्नो भनाइ यही राख्दछु, धन्यवाद नमस्कार ।

<u>माननीय सभामुख</u>ः माननीय श्री हिमबहादुर शाही, समय सात मिनेट ।

<u>माननीय हिमबहादुर शाही</u>ःमाननीय सभामुख महोदय, आज हामी विशेष परिस्थितिवश नवगठित सरकारका मुख्यमन्त्री हाम्रा नेपाली कांग्रेस दलका नेता जीवनबहादुर शाहीको नेतृत्वमा गठन भएको सरकारले विश्वासको मत प्रयोजनका लागि उपस्थिति भएका छन्। सबैभन्दा पहिले म माथि रोष्टममा बस्नु भएका पत्रकार बन्धुहरूलाई आग्रह गर्न चाहन्छु। कता कता फोनबाट, सञ्चारबाट पनि विभिन्न बाहिर कुराहरू मुलाकातमा पनि प्रतिपक्षरहित सदन कसरी सञ्चालन हुन सक्छ भन्ने उकुसमुकुसका प्रश्नहरू आएकै थिए । आउनु स्वाभाविक नै थियो त्यसमा कुनै अन्यथा छैन । तीन दलको गठबन्धनको सरकार आज कुनै प्रतिपक्ष सत्तापक्ष भनेर अगाडि बढेर जाने मनस्थितिमा छैन । मलाई विश्वास छ नवगठित सरकारका प्रमुखसँग कुनै पनि राजनीतिक पूर्वाग्रह र दलीय स्वार्थ छैन आज पनि विशेष अधिवेशनमा प्रमुख पतिपक्ष एमालेरहित बनाएर सत्ता पक्षको गठबन्धनको सरकार अघि बढ्न चाहेको थिएन । यसै कारणले हिजो नै एक बजे प्राप्त गर्न खोजेको विश्वासको मतलाई अझ हामीले २४ घण्टा पर सकेसम्म प्रतिपक्षलाई पनि उपस्थित गराएर सौहार्द वातावरणमा मितव्ययी वातावरणमा विश्वासको मत प्राप्त गर्ने हेतुले हामीले आज सारेका थियौं । वर्तमान गठबन्धनको सरकार अथवा सरकारको नेतृत्वको कुनै प्रतिपक्षलाई पर राखेर एक पक्षीय ढंगले विश्वासको मत लिने कुनै पनि सुनियोजित योजना हैन, यो संवैधानिक बाध्यता हो । कुनै पनि मुख्यमन्त्रीले संवैधानिक व्यवस्थाअनुसार ३० दिनभित्र आफनो विश्वासको मत प्राप्त गरिसक्नुपर्छ । म स्पष्ट गर्न चाहन्छुवर्तमान सरकार र सरकारको नेतृत्व प्रतिपक्षलाई पर राखेर सत्ता सञ्चालनको पक्रियामा अगाडि बढ्ने कुनै पनि इच्छा राख्दैन । जहाँसम्म सत्ता पक्ष र प्रतिपक्षसँग

समन्वय सहकार्य र संवादबाट आज कर्णाली प्रदेशमा थाती रहेका चुनौती कर्णाली प्रदेशको मुख्य शत्रु रोग छ, भोग छ, जुन अशिक्षा छ, जुन बेरोजगारी छ, गरिबी छ यसको सकेसम्म न्यूनीकरण निराकरणै गरिहाल्छौं त भन्दैन म यसको न्यूनीकरण गर्ने कुरामा सत्ता पक्ष र प्रतिपक्ष सबैसँग हातेमालो गरेर वर्तमान सरकार अगाडि बढ्न चाहन्छ । यो विश्वास दिलाउन चाहन्छु सबैभन्दा पत्रकार बन्धुहरूलाई म आग्रह गर्न चाहन्छुतपाईंहरू यो कुनै शङ्का सन्देहनरहोस् कि वर्तमान नवगठित सरकार प्रतिपक्षरहित रहेर एक पक्षीय ठंगले अघि बढ्न खोजिरहेको आभास नहोस् । हामीले यो संवैधानिक बाध्यताले यो प्रतिपक्षको कुर्सी खाली भएको छ । मलाई विश्वास छ प्रतिपक्ष पनि त्यो धारणाबाट अनुपस्थित भएको हैन उसको पनि परिस्थितिवश आज केन्द्रीय महाधिवेशनको कारणले समयको अभावको कारणले यहाँ उपस्थित हुन सकेको छैन । त्यसैले भोलिका दिनमा आउने अधिवेशनहरूमा नियमित अधिवेशनहरूमा सत्ता पक्ष र प्रतिपक्ष एउटै कर्णाली जनताको रोग भोक गरीबीलाई अन्त्य गर्नको लागि एउटै स्वरबाट अगाडि बढ्ने छन् भन्ने विश्वास राख्दछु । साथै आज तीन दलको गठबन्धन जुन सरकार निर्माण भएको सरकारको नेतृत्व नेपाली कांग्रेसका नेता जीवनबहादुर शाहीले मुख्यमन्त्रीको पदभार ग्रहण गर्नुभएको छ । आज मुख्यमन्त्रीलाई विश्वासको मत प्रदान गर्नुहुने सम्पूर्ण राजनीतिक दल, माननीयज्यूहरूको उज्वल भविष्यको कामना गर्दै धन्यवाद ज्ञापन गर्दछु धन्यवाद, जय नेपाल ।

**<u>माननीय सभामुख</u>**ः माननीय श्री ठम्मरबहादुर विष्ट,

**<u>माननीय ठम्मरबहादुर विष्ट</u>**ः माननीय सभामुखज्यू, हामी आज वास्तवममा इतिहासको एउटा फेरि एउटा कालखण्डमा उभिएका छौं । हुन त सबै दिनहरू महत्त्वपूर्ण हुन्छन् तर खाख खास दिनहरू इतिहासमा रोचक र एउटा रणनीतिक हुन्छ भन्ने विश्वास राख्दछौं। त्यस मानेमा आज झण्डै यो सभाले चार वर्ष पूरा गर्दैछ र नयाँ सरकारको फेरि निर्माणको पक्रियामा अगाडि बढिरहेका छौं । विश्वासको मत दिने सिलसिलामा यो सम्मानित सदन अगाडि बढिरहेको छ । त्यस कारण वास्तवममा यो चार वर्षको कामलाई हेर्दा अलिकति रिल घुमाउँदा खेरि हामीले स्मरण गर्दा नेपालमा जब संघीय गणतन्त्र स्थापना भयो त्यो कुनै नयाँ चिज थियो भने संघीयता थियो र त्यसको कुनै तह थियो भने प्रदेश नै थियो । त्यस हिसाबले हामी सबै एउटा नयाँ मनस्थितिबाट यहाँ आएका थियौं। चाहे माननीयज्यूहरू चाहे मन्त्रीज्यूहरू त्यसबेला के हुने कसरी हुने भन्ने एउटा अन्योलग्रस्त स्थितिबाट ठूलो एउटा हौसला पनि थियो । हामीलाई एउटा अन्योलता पनि थियो । त्यस स्थितिबाट हामी हलमा छिरेका थियौं र मलाई लाग्छ अब

अहिले हिजोको स्थितिबाट त्यसलाई हेर्दा निवर्तमान मुख्यमन्त्रीज्यू र सरकारका जसरी चार वर्ष ड्राइभ गरेर ल्याउनुभयो, एउटा दर्दनाक स्थिति थियो र आफै बस्ने कुर्सीदेखि लगेर लेटरप्याडसमेत छपाउनुपर्ने स्थिति, कर्मचारी नभएको स्थिति, ऐन कानून नभएको स्थिति, एउटा अन्धाधुन्धको स्थिति, त्यो स्थितिबाट उहाँहरूले जसरी यो सरकार सञ्चालन एउटा सफलतापूर्वक यहाँसम्म ल्याउनुभयो । मुख्य कुरा हाम्रो कर्णालीको, कर्णाली प्रदेशको सफलता यो हो भन्ने लाग्छ । झण्डै हामीले पाँच दर्जन विधयेकहरू निर्माणको प्रक्रियामा अगाडि बढ्यौं कयौं कानूनहरू बनाएर त्यसलाई कार्यान्वयनको प्रक्रियामा अगाडि बढेका छौं । यी थुप्रै उपलब्धिहरू हामीसँग छन् त्यस भएर मैले आज यो प्रसङ्ग किन राख्दैछु भने आज जसरी नयाँ सरकार फेरि यो कर्णालीको समृद्धिको लागि अगाडि बढ्दैछ, फेरि यो टेन्सन छैन । अब यो छैन, त्यो छैन, भनेर उहाँहरूलाई कत्ति पनि ढिलो गर्ने सुविधा छैन जो हिजो सरकारलाई थियो । हिजोको सरकारले एउटा फ्रेमवर्क र आधार तयार पारीसकेको छ दुई गिएरमा गाडी गुडिरहेको छ । अब कमसेकम दुई गिएर उहाँहरूले थप्नुपर्छ चार गिएरमा फुल स्पिडमा गयो भने बल्ल कर्णालीको भविष्य के हो ? यसको पिक्चर के हो ? भन्ने कुरा देखिन्छ त्यस मानेमा मैले पूर्ववर्ती सरकारलाई पनि हाम्रै पार्टीको दलका नेता हुनुहुन्थ्यो । त्यसको नेतृत्व गरीराख्नुभएको थियो । त्यस कारणले समग्र रूपमा जसरी यो विना विवाद, विना समस्या र विना थुप्रै खालको भवितव्यका बिचबाट जसरी सरकार एउटा सफलता प्राप्त गर्नुभयो । त्यसको लागि पनि म दलको तर्फबाट समग्र रूपमा धन्यवाद दिन चाहन्छु । अब राजनीतिमा भन्ने गरिन्छ आफ्नो सत्ता पक्षमा आफ्नो पार्टी भित्र त जसले पनि आफ्नो कुरा कन्भिन्स गर्न सक्छ जसले प्रतिपक्षमा जसले विपक्षीलाई, जसले प्रतिस्पिर्धीलाई साथमा लिएर जान सक्छ त्यो नै राजनीतिज्ञ हो भन्ने गरिन्छ । म त्यति खेर हाम्रो सत्ता दलीय नेतृत्व गरिरहेको हिसाबले हामी सबै माननीयहरूलाई लागेको थियो । जसरी सरकार अपडाउन भो नेकपा टुक्रिसकेपछि अब कसरी जान्छ होला ? किन नेपाली कांग्रेस एउटा पोलमा छ एमालेको स्थिति के हो त्यो क्लिएर छैन । त्यस स्थितिबाट जसरी निवर्तमान मुख्यमन्त्रीले सबैलाई मिलाएर एउटा सरकार किनकि एउटा शङ्का के थियो भने भर्खरै पार्टी फुटेको हुनाले एक आपसमा तुरुन्तै मेल हुने स्थिति पनि नदेखिने, कांग्रेस एउटा पोलमा छ । यो स्थितिबाट कतै प्रदेश नै कोल्याप्स त हुँदैन भन्ने खालको एउटा चाहिँ किनकि कसैले बहुमत लिने स्थिति भएन । त्यो खालको सम्बोधन गर्ने चाहिँ सक्षम लिडर भएन भने कतै त्यता त जाने हैन भन्ने मलाई पनि शङ्का लागेको थियो हाम्रो दलमा पनि त्यसरी छलफल भएको थियोतर एकाएक त्यति बेला निवर्तमान अहिले दलका नेता

महेन्द्रबहादुर शाहीले जसरी पहल गरेर यो निरन्तर कतै पनि डिस्टर्व नहुने गरी जसरी फेरि सरकार बनाउन उहाँ सफल हुनुभयो । यो पनि एउटा ठूलो अरूले पनि सिक्ने कुरा र सरकारलाई हिजोको सरकारलाई धन्यवाद दिने कुरा हो जस्तो लाग्छ। एकदम यो इतिहासको सच्चा कठघरामा उभिएर बोल्दा खेरि अब त्यसमानेमा अहिले जसरी यहाँ सम्म आएको छ अब यद्यपि धेरै कुराहरू अहिले पत्रकारज्यूहरूले मलाई नै सोध्ने गर्नुहुन्थ्यो । म प्रमुख सचेतकको हिसाबले अरू नेता माननीयज्यूहरूलाई पनि सोध्नु भएकै छ । त्यस कारण के हो त ? यो यत्रो महिना दिन भोग गर्न सकेका छैनौं । भागबन्डा के हो उ हो भन्ने कुरा सोधिराख्नुभएको छ । फेरि पनि मैले के भन्न चाहन्छु भने सरकारको अभिभावक भनेको मुख्यन्त्रीज्यू हुनुहुन्छ। एक स्टेप अगाडि बढ्नै पर्छ अभिभावकअरू पार्टीको स्थिति सहयात्रीको स्थिति गठबन्धनको स्थिति के हो हिजो लडाइँमा बन्दुक पड्कीराखेको एउटाले अर्कोलाई देख्ने बित्तिकै किल गर्ने स्थितिबाट हामी यहाँसम्म आइपुग्यो भने के टेबुलमा बसेपछि न्यारोडाउन हुँदैन गिभएण्ड टेक भए पछि धेरै कुराको हल हुन्छ । त्यस मानेमा यो कुनै आलोचना हैन तर सरकार अलिकति अनरसिप हुनुपर्‍योकिन किअभिभावक हो । त्यस मानेमा यो कुनै चाहिँ हाम्रो नेकपा माओवादी केन्द्रको अस्ति मात्रै दलको बैठक बस्यौं त्यस कारणले हाम्रो कुनै त्यस्तो यो अडाउन कुनै चट्टानी अडान यही हो हाम्रो ताम्रा पात्रोमा लेखिएको भन्ने केही छैन । ठीक छ प्रदेशको समृद्धिको लागि टेबुलमा बसेर के हुन सक्छ, कसरी जान सकिन्छ, किन आफ्नो साइज त सबैले ख्याल गर्नै पर्‍यो, आफ्नो हैसियत त कसैले पनि गुमाएर पूरा गर्नु हुँदैन त्यस आधारबाट यदि हामीले निस्पक्ष ढङ्गले कुरा गर्छौं भने नेकपा माओवादी केन्द्र अगाडि बढ्न तयार छ । किन कि त्यो त प्रमाणित भइसक्यो एक घण्टा एक सेकेन्ड पनि ढिला नगरेर हाम्रो हिजो निवर्तमान मुख्यमन्त्री हुनुहुन्थ्यो । एउटा चामत्कारिक ढंगले उहाँले राजीनामा दिनुभयो । सबैले आज बधाई पनि दिइरहेको अवस्था छ । हाम्रो दललाई किन कि धेरै मानिसलाई शङ्का थियो अब यो बन्दुक गुरिल्ला एउटा ट्रेनबाट आएको कतै घच्याघुचुक पारेर नदिने पो हुन् कि, अनेक खालको मानिसहरूको थियो तर हामी जति बन्दुक पड्किसकेपछि यता कक गर्दा जसरी आवाज आउँछ गोली पनि त्यसरी नै जान्छ । हाम्रो पार्टीको एउटा त्यस्तो नियम र सिद्धान्त हो। त्यस कारणले त्यो प्रमाणित भइसकेको छ त्यस कारण अन्त्यमा मैले हाम्रो पार्टी नेकपा माओवादीको तर्फबाट यो जसरी गठबन्धनलाई सफल पार्ने कुरामा कुनै कसी बाँकी रहने छैन । त्यस कारणले म र मेरो दलको तर्फबाट पूर्ण सफलताको कामनासहित भर्खरै बनेको सरकारको मुख्यमन्त्रीज्यूलगायत हिजो मात्रै पनि सपथ खानु

भएको छ । मन्त्रीज्यूलगायत अर्को मन्त्रीज्यू हुनुहुन्छ । समग्र मन्त्रीज्यूहरूलाई धन्यवाद दिँदै म बिदा हुन चाहन्छु । धन्यवाद ।

<u>माननीय सभामुख</u>ः माननीय सदस्यहरू, अब कर्णाली प्रदेश सरकार मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीलाई छलफलका क्रममा उठेका प्रश्न एवम् जिज्ञासाको सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

<u>माननीय मुख्यमन्त्री जीवनबहादुर शाही</u>ः सम्माननीय माननीय सभामुख महोदय, सम्माननीय सभामुख महोदयमार्फत् आज म मुख्यमन्त्रीको हैसियतले विश्वासको मत लिने प्रयोजका लागि आह्वान भएको यस अधिवेशनमा सम्पूर्ण माननीयज्यूहरूलाई म हार्दिक स्वागत गर्न चाहन्छु । र यो देश काल परिस्थितिअनुसार समय बदलिएको छ। समयकोसँग सँगै हामी पनि केही रूपमा बदलिएका छौं र आज यो प्रदेशमा तीन दलीय गठबन्धनमा परिणत भएको छ । यो सरकार कुनै क्रमभङ्गताको सरकार हैन । यो नयाँ अर्को सरकार पनि हैन । यो सरकार भनेको पहिलेको सरकारको नै निरन्तरता हो । हिजो हामी जुन ठाउँमा भए पनि जहाँ भए पनि एक खाले हामी एउटा खालको गठबन्धन बन्ने एउटा परिवेश यहाँ आयो त्योअनुसार नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस र तत्कालीन माधव समूह हामी बसेर एउटा खालको सहमतिमा एउटा खालको सरकार बनेको छ र आज आएर नेकपा एमाले माधव नेपाल समूह एउटा पार्टीमा रूपान्तरित भएको छ यो कुरा सबैलाई सर्वविदितै छ । र उहाँहरूलाई म गठबन्धन दलका आदरणीय नेताहरू, निवर्तमान मुख्यमन्त्रीज्यू, माननीयज्यूहरू म सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसरी नै राप्रपाका माननीय सदस्यज्यूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । हो यहाँ कुरो आएको छ हिजोको गरेको सरकारले जुन कुराहरू गर्यो एउटा शून्यबाट सरकारलाई, सदनलाई यो ठाउँमा पुऱ्याएको छ । नयाँ संरचना निर्माण गर्दा त्यति सहज हुँदैन, बाहिरबाट बसेर हेर्दा कति राम्रो भयो कति नराम्रो भयो भन्ने कुराहरू गर्ने सबै मानिसहरूमा आफ्नो आफ्नो हक र अधिकार छ र मैले पनि यो सरकारलाई हिजो सरकारमा जो जो हुनुहुन्थ्यो, जो जो मन्त्रीज्यू हुनुहुन्थ्यो उहाँहरू म सबैलाई धन्यवाद दिन चाहन्छु । त्यसको साथ साथै सम्मानीय सभामुखज्यूलाई पनि धन्यवाद दिन चाहन्छु । सायद सरकारका प्रमुख निवर्तमान मुख्यमन्त्री, सदनका प्रमुख माननीय सभामुख महोदय, माननीयज्यूहरू, तत्कालीन मन्त्रीज्यूहरू प्रयास नभएको भए सायद आज हामी यो स्थितिमा पुग्न सक्दैनथ्यौं होला । आज हाम्रो संरचनालाई हेर्ने हो भने, आज हाम्रो सदनलाई हेर्ने हो भने, धेरै ठूलो भूगोल भएको पिछडिएको अघि पनि माननीयज्यूहरूले भन्नु भएको छ बहुआयामिक गरिबीमा रहेको प्रदेश हुँदा हुँदै पनि अरू प्रदेश भन्दा कुनै

कुरामा पनि कमी गर्नु भो भन्ने कुनै गुनासो जस्तो लाग्दैन । हाम्रा स्रोत र साधनहरूको कमी होला, हामीमा भएको ब्युरोक्रेटिक सिस्टममा आउने कुरामा म जहिले पनि छु । संघबाट हामी आउन मान्दैनथ्यो भन्नेलाई त्यस्तरी ल्याएर जुन गर्नुभयो त्यसको लागि त तपाईंहरू धन्यवादको पात्र हुँदै हुनुहुन्छ ।

अब भएका कुरालाई हिजोको सरकारले मैले अघि पनि भने यो क्रम भंगको सरकार हैन। एउटा नेतृत्व मात्र परिवर्तन भएको छ त्यसमा पनि सबै दलको सहकार्यमा यो अगाडि बढ्ने कुरा हो । हिजो सरकारका नेतृत्वले गरेका राम्रा कामहरूलाई हामी साथ दिएर त्यसलाई अगाडि बढाउने हो । कमीकमजोरी भएका कुराहरूलाई सुधारेर अघि जाने हो । त्यो पनि हिजोका सरकारका प्रमुख र मन्त्रीज्यूले गरेका सल्लाह सुझाव, माननीयज्यूहरूले गर्ने सल्लाह सुझावलाई लगेर यो कर्णाली प्रदेशलाई कसरी समृद्ध प्रदेश बनाउन सकिन्छ, के कर्णाली सधैं अभाव नै अभाव भएको प्रदेश हो त ? जरुर हैन, सम्भावना नै सम्भावना बोकेको प्रदेश प्रदेशमा हामी सबैको माया ममता र एकरूपतामा हामी अगाडि बढ्न सक्यौं भने यो प्रदेशलाई नेपालकै एउटा नमुना बनाउन सक्ने सम्भावनाहरू छन् । अहिलेको अवस्थामा हामीले हेर्दा प्राथमिकतालाई अगाडि बढाउनुपर्ने समय, पङ्च्वालिटिलाई ख्याल गर्नुपर्ने, ढिला सुस्तीलाई ख्याल गर्नुपर्ने, ढिलासुस्ती हुने कामलाई अगाडि बढाउनुपर्ने जनताका आधारभूत कुराहरूमा या त्यो यातायातमा होला, या त्यो टेलिफोनमा होला, या त्यो विद्युत् प्राधिकरणमा होला, या त्यो आन्तरिक राजस्वमा होला, जहाँ जहाँ जनताले दुःख पाइरहेको अवस्था छन् तिनलाई हामीले सहजता कसरी ल्याउने भन्ने सरकारको प्राथमिकता रहने छ । अनि यहाँ आएका जुन जुन कामहरू भएका छन्, ढिलो सुस्ती के कति कारणले भए, हामीले कहाँ कति अनियमितता भएका छन् त्यसलाई सुसासनमा ढाल्ने नै यो सरकारको प्राथमिकता हो र यसमा कोही कसैले पनि म सम्माननीय सभामुखमार्फत् भन्न चाहन्छुकोही कसैले पनि सन्देह नराख्न म आग्रह गर्न चाहन्छु । आजको जुन एउटा परिस्थिति तीस दिनभित्र विश्वासको मत लिइहाल्नुपर्ने संवैधानिक प्रावधान छ । यस्तो अवस्थामा भयौं, कहिले कसैका अधिवेशन कहिले कसैका अधिवेशन भइरहने अवस्थामा आजको हिजोको दिन नै जुर्न पुग्यो र आज पनि कांग्रेस महाधिवेशनमै छ । माओवादी केन्द्र पनि महाधिवेशनमै छ, एमाले पनि महाधिवेशनमै छ, राप्रपा पनि महाधिवेशनमै छ । यो झण्डै झण्डै पार्टीहरूका लागि असार महिना जस्तो भएको छ । त्यस कारणले सबैले भने जस्तै त्यहीनै समय मिलाउन सक्ने अवस्था थिएन र हामीले अन्तिम दिनसम्म पनि त्यसलाई पर्खेर सबैको उपस्थिति होस् भन्ने चाहना थियो तर आज आएर एउटा बाध्यात्मक परिस्थिति के भयो भने नेकपा

एमालेको उहाँहरूको महाअधिवेशन भएको हुनाले उहाँहरू आउन सक्नु भएन। त्यही पनि हामीले एक दिन पर्खियौं र आज मलाई के लागेको छ भने उहाँहरूको पनि यो सरकारप्रतिको भरोसा, सरकार प्रतिको सद्भावना भएको हुनाले सायद उपस्थित नहुनु पनि मलाई समर्थन भन्ने मलाई लाग्दछ । हामी सबैलाई थाहा छ अविश्वासको प्रस्ताव जसले पेश गर्छ उसले त्यो मत पुऱ्याउनुपर्ने हुन्छ विश्वासको प्रस्ताव जसले राख्छ उसले मत पुऱ्याउनुपर्ने हुन्छ । अर्को दोस्रो पक्षको त्यो भूमिका हुँदैन तर यहाँ यो सरकार प्रमुखलाई र यो गठबन्धनलाई पनि हामीले हिजो भन्ने गरेका कर्णालीको प्रतिपक्ष भनेको यहाँको गरिबी हो, यहाँको रोग हो, भोग हो, अशिक्षा हो भन्ने र हामी एक भएर जानुपर्छ । हाम्रो प्रतिपक्ष अर्कै ठाउँमा छ भन्ने जो हामी सबैले बोल्ने गर्दथ्यौं । सायद त्यहि किसिमले आज त्यो प्रमाणित भएको मलाई लाग्दछ । म राप्रपा नेपाललाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु सायद सरकारको पक्षमा पहिलो पटक उहाँहरूले मतदान गर्दै हुनुहुन्छ त्यसको लागि सरकारको नेतृत्वको हैसियतले म उहाँलाई आभार प्रकट गर्न चाहन्छु । त्यसैले नै सत्तारुढ पार्टीका गठबन्धनका सम्पूर्ण माननीयज्यूहरूलाई दौडादौड रातारात गरेर आएर विश्वासको मतमा काहि पनि चुक्नु हुँदैन, बिरामी भएर पनि, कसैको अरू समस्या हुँदा हुँदै पनि उहाँहरू त्यहाँ आएर यो विश्वासको मत पूर्ण रूपले जितिसकिन्छ। धेरै मत दिने हिसाबले आउनु भएकोमा सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु र यहाँहरूले नै राख्नु भएको जस्तै यो भागबन्डाको कारण होइन, असहयोगका कारणले हैन, अरू कारणले हैन, समय परिस्थिति यस्तै यस्तै पर्न गयो, कहिल्यै बिदा पर्न गयो, कहिल्यै अधिवेशन भयो त्यसैले कोही कसैमाथि पनि यो अप्ठ्यारो हुने गरेर कोही कसैको पनि छैन म एउटा सरकारको हैसियतले मेरो बुद्धि, विवेकले भ्याएसम्म सबैलाई समेटेर लाने र यी सरकारले गरेका कामहरूलाई निरन्तरता दिएर जुन अहिले पनि हाम्रो सदनबाट माननीयज्यूले नै भन्ने गर्नु भएको छ भएका कुरीतिहरू जति छन् । अनियमितताहरू जति भएका छन् भनेर माननीयज्यूहरूले बोल्ने गर्नुभएको छ । तिनलाई न्यूनीकरण गर्नको लागि मैले प्रयास गर्नेछु । अहिले मन्त्रीमण्डलमा हामीले दुई जना मन्त्री बनाइसकेका छौं । चाँडै नै गठबन्धनभित्र छलफल गरेर मन्त्रीमण्डललाई पूर्णता दिने छौं । किन भने यो स्वायत्ततामा हामी छौं । यद्यपि त्यति हुँदा हुँदै पनि हाम्रो पार्टीको संरचना केन्द्रदेखि वडासम्म हुन्छ सबैका कुराहरू हामीले सुन्नुपर्ने हुन्छ ।अगाडि बढाउनुपर्ने हुन्छ। यी कुराहरूमा मैले यहाँहरूलाई आग्रह गर्दै र सरकारका कामकारवाहीमा सबैको सहयोगबाट साँच्चै नै कर्णालीलाई केही परिवर्तन हुने केही अगाडि बढाउने म प्रयास गर्नेछु । पुनः पनि यहाँहरूले अहिले एकछिनपछि अब मतदान

होला त्यो मतदानमा यहाँहरूले मत दिएर जुन सरकारको नेतृत्व म व्यक्तिगत हिसाबले जीवनबहादुर शाहीलाई व्यक्ति र दलको नेताको हिसाबले मतदान गर्दै हुनुहुन्छ त्यसको लागि म आभारी छु । सायद हुन सक्ला यो एउटा कहिले कहिले यहाँ भन्ने गरिन्थ्यो प्रमुख प्रतिपक्ष दलले त्यो बेलाको सत्ताधारी दलसँग यो आठौं आश्चर्य भन्ने कुराहरू बेला बेलामा आउँथे। मलाई आज पनि त्यहि लागेको छ । नेपाली कांग्रेसको तर्फबाट निर्वाचित हुने म एक्लो मान्छे मुख्यमन्त्री बनाउनमा तपाईंहरूले जुन सहयोग गर्नुभयो । त्यो आठौं हैन नवौं आश्चर्य हो भन्ने मलाई लागेको छ । त्यसलाई परिपूर्ति गरिदिने सम्पूर्ण दलका माननीयज्यूहरू पूर्व मूख्यमन्त्रीज्यू, पूर्व मन्त्रीज्यूहरू,माननीयज्यूहरू र सम्पूर्ण नागरिक समाज पत्रकारहरू कर्मचारीहरू सबैलाई म हार्दिक, हार्दिक धन्यवाद दिँदै तपाईंहरूले दिनु भएको माया ममता म त्यो माया र ममतालाई निराशामा बदल्ने छैन भन्ने प्रतिज्ञा गर्दै म अहिलेको लागि बिदा हुन्छु, धन्यवाद ।

<u>माननीय सभामुख</u>ः माननीय सदस्यहरू, अब यो छलफल यही समाप्त हुन्छ । माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्तावलाई प्रदेशसभा नियमावली, २०७४ को नियम १ सय ४२ को उपनियम ७ बमोजिम उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा दस्तखतसहितको मत विभाजन गरी मत सङ्कलन गर्ने व्यहोरा माननीयज्यूहरूलाई जानकारी गराउँदछु ।

माननीय सदस्यहरू मत विभाजन गर्दा अपनाउने पक्रियाको विषयमा जानकारी गराउँदछु।

१) मत विभाजन गर्नु अघि सभाकक्षभन्दा बाहिर रहनु भएका माननीय सदस्यहरूलाई सभाकक्षभित्र प्रवेश गर्ने मौका दिन ५ मिनेटसम्म घण्टी बजाइने छ ।

२) विभाजन घण्टी बजेपछि सभाकक्ष बाहिर हुनु भएका माननीय सदस्यहरू सभाकक्ष भित्र प्रवेश गर्नुपर्नेछ ।

३) सभामुख आसनको दाइनेतर्फ र देब्रेतर्फ रहेको उपकक्ष लविमा बाहिरबाट प्रवेश गर्ने सम्पूर्ण ढोकाहरू बन्द गरिने छन् ।

४) उल्लिखित ढोकाहरू बन्द गरिएपछि मत विभाजन कार्य सम्पन्न नहुन्जेलसम्म बाहिर रहेका माननीय सदस्यहरूलगायत कसैलाई पनि सभाकक्ष एवम्उल्लिखित उपकक्ष लविहरूमा प्रवेश गर्न दिइने छैन ।

५) सभामुख आसनको दाइने र देब्रेतर्फ रहेका उपकक्ष लवीहरूमा माननीय सदस्यहरूको वर्णानुक्रमअनुसारको नामावली राखिएका छन् ।

६) क) यस प्रस्तावको पक्षमा हुने अर्थात हुन्छ भन्ने पक्षका माननीय सदस्यहरू सभामुख आसनको दाहिनेतर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमअनुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुपर्नेछ ।

ख) प्रस्तावको विपक्षमा अर्थात हुन्न भन्ने माननीय सदस्यहरू सभामुख आसनको बायाँतर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुपर्नेछ ।

७) माननीयज्यूहरूको सहयोगको लागि दुवैतर्फ सचिवालयका कर्मचारीहरूरहनेछन्।

८) कुनै माननीय सदस्यले आफ्नो मत सच्याउन चाहेमा मतदान कार्य सकिएको तीन मिनेट भित्र माग गरेमा सच्याउन दिइने छ ।

मननीय सदस्यहरू, अब पाँच मिनेट विभाजन घण्टी बजाउन आग्रह गर्दछु ।

अब म सभामुख आसनको दाइने र देब्रेतर्फ बाहिरबाट प्रवेश गर्ने र बाहिर निस्कने ढोकाहरू बन्द गर्न आदेश दिन्छु ।

माननीय सदस्यहरू अब कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय जीवनबहादुर शाहीले आफूलाई प्रदेशसभाको विश्वास छ भनी राख्नु भएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । माननीय सदस्यहरू यस प्रस्तावको पक्षमा अर्थात् हुन्छ भन्ने पक्षमा रहनुहुने माननीयहरू सभामुख आसनको दायाँतर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमअनुसारको नामानुक्रमअनुसारको दस्तखत महलमा दस्तखत गर्नुहोला।

र प्रस्तावको विपक्षमा अर्थात हुन्न भन्ने माननीयज्यूहरूले सभामुख आसनको बायाँतर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमअनुसारको नामानुक्रमअनुसारको दस्तखत महलमा दस्तखत गर्नुहोला ।

माननीय सदस्यहरू प्रस्तावको पक्षमा अर्थात हुन्छ भन्ने पक्षमा रहनु हुने माननीयहरू सभामुख आसनको दायाँतर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमअनुसारको नामानुक्रमअनुसारको दस्तखत महलमा दस्तखत गर्नुहोस् ।

माननीय सदस्यहरू प्रस्तावको विपक्षमा अर्थात हुन्न भन्ने पक्षमा रहनु हुने माननीयज्यूहरूले सभामुख आसनको बाँयातर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमअनुसारको नामानुक्रमअनुसारको दस्तखत महलमा दस्तखत गर्नुहोस् ।

माननीय सदस्यहरू मत सङ्कलन कार्य सुरु भएको जानकारी गराउँदछु ।

माननीय सदस्यज्यूहरू कसैले आफ्नो मत सच्याउन चाहनु हुन्छ भने मत सच्याउनको लागि तीन मिनेटको समय दिन्छु । सो समयभित्र डाइसमा आई आफ्नो मत सच्याउन सक्नुहुन्छ ।

माननीय सदस्यहरू,

माननीय सदस्यहरू मत सच्याउने समय प्रारम्भ भएको जानकारी गराउँदछु ।

माननीय सदस्यहरू मत सच्याउने समय सीमा समाप्त भएको जानकारी गराउँदछु ।

माननीय सदस्यहरू मत सङ्कलन कार्य समाप्त भएको जानकारी गराउँदछु ।

माननीय सदस्यहरू बन्द गरिएका सभाका सबै प्रवेशद्वारहरू खोल्न आदेश दिन्छु ।

माननीय सदस्यहरू अब म मत विभाजनको परिणाम घोषणा गर्दछु ।

माननीय सदस्यहरू आजको मतदानमा उपस्थित माननीय सदस्यहरूको संख्या २२ रहेको छ ।

अब म कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीले आफूलाई प्रदेशसभामा विश्वास छ भनी राख्नु भएको प्रस्तावको पक्षमा अर्थात हुन्छ भन्ने पक्षमा जम्मा २२ मत र यस प्रस्तावको विपक्षमा अर्थात् हुन्न भन्ने पक्षमा शून्य मत परेको छ।

माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री जीवनबहादुर शाहीले आफूलाई प्रदेशसभाको विश्वास छ भनी राख्नु भएको प्रस्तावको पक्षमा जम्मा २२ मत परेको र उक्त संख्या प्रदेश सभामा तत्काल कायम रहेको पूर्ण सदस्य संख्याको बहुमत भएकाले अब म मुख्यमन्त्री श्री जीवनबहादुर शाहीले आफूलाई प्रदेशसभाको विश्वास छ भनी राख्नु भएको प्रस्ताव बहुमतले पारित भएकाले प्रदेश मुख्यमन्त्री जीवनबहादुर शाहीको सरकारले यस सभाको विश्वास प्राप्त गरेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू आजको बैठकको कारबाही यही समाप्त हुन्छ ।